लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

फोन नं: ०७६-५६०२००
इमेल-taulihawahospital200@gmail.com

# कपिलवस्तु अस्पताल

तौलिहवा, कपिलवस्तु

पत्र संख्या :-०८३/०८४
च.नं. :-

## सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१९

यस कपिलवस्तु अस्पताल तौलिहवा कपिलवस्तुको स्वीकृत दरबन्दी तथा अस्पतालको विभिन्न कार्यक्रम तर्फ रिक्त रहेका तपशिल बमोजिमका पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यविधि - संशोधन ,२०८० बमोजिम पदपूर्ती गर्नुपर्ने भएकाले २०८४ असार मसान्त सम्मको - उक्त पदमा स्थायी पदपूर्ती भई आएमा स्वत: नरहने । लागि प्रदेश निजामती सेवा ऐन तथा नियमावली , २०८० बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र करार कर्मचारी व्यवस्थापन कार्यविधि -संशोधन, २०८० मा तोकिएको ढाँचामा रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| बिज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| ०१/०८३-८४ | क.पेडियाट्रिसियन | नवौं | १ | प्रदेश सरकार-१ |
| ०२/०८३-८४ | क.अव्सट्रे तथा गाईनो | नवौं | २ | नेपाल सरकार-१/ प्रदेश सरकार -१ |
| ०३/०८३-८४ | क.एनेस्थेसियोलोजिष्ट | नवौं | १ | प्रदेश सरकार-१ |
| ०४/०८३-८४ | क.जनरल सर्जन | नवौं | १ | प्रदेश सरकार-१ |
| ०५/०८३-८४ | क.साईकाट्रिष्ट | नवौं | १ | प्रदेश सरकार-१ |
| ०६/०८३-८४ | डेण्टल सर्जन | आठौं | १ | प्रदेश सरकार-१ |
| ०७/०८३-८४ | फार्मेसी अधिकृत | सातौं | १ | प्रदेश सरकार-१ |
| ०८/०८३-८४ | बायोमेडिकल टेक्नेसियन | पाँचौं | १ | प्रदेश सरकार-१ |
| ०९/०८३-८४ | स्टाफ नर्स | पाँचौं | २ | प्रदेश सरकार-२ |
| १०/०८३-८४ | ल्याब टेक्नेसियन | पाँचौं | १ | प्रदेश सरकार-१ |
| ११/०८३-०८४ | मेडिकल अधिकृत | आठौं | केही | कार्यरत जनशक्ति छिटो छिटो छोड्ने क्रम बढदो रहेको र तत्काल रिक्त ठाँउमा सेवा करारमा लिइ अस्पतालवाट सेवा दिनु पर्ने भएकोले शर्टलिष्ट प्रकाशन गर्दा अधिकत्म मे.अ.१० जना र स्टाफ नर्स १० जनाको योग्यताक्रम अनुसार रोष्टर सूचि बनाइ एक बर्ष भित्र रिक्त स्थानमा यही सूचिवाट योग्यताक्रमको आधारमा सेवा करारमा लिइनेछ |
| १२/०८३-०८४ | स्टाफ नर्स | पाँचौं | केही | |

१. दरखास्त फारम बुझाउने विधि र स्थान : कपिलवस्तु अस्पतालको बेवसाईट kapilvastuhospital.lumbini.gov.np मार्फत डाउनलोड गरि दरखास्त फारम (अनुसूची -१) साथ संलग्न गर्नुपर्ने कागजात सहित यस अस्पतालमा दरखास्त पेश गर्नुपर्नेछ ।

२. दरखास्त दस्तुर : नवौं तहका लागि रु.१२००/, सातौं र आठौं तहका लागि रु.१०००/ र पाँचौं तहका लागि रु.५००/

३. दरखास्त दिने अन्तिम मिति : २०८३/०८/०३ गते कार्यालय समय सम्म ।

४. उमेदवारको उमेरको हद : लुम्बिनी प्रदेश निजामति सेवा ऐन र नियमावली , २०८० मा तोके बमोजिम ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

फोन नं: ०७६-५६०२००
इमेल-taulihawahospital200@gmail.com

# कपिलवस्तु अस्पताल

तौलिहवा, कपिलवस्तु

पत्र संख्या :-०८३/०८४
च.नं. :-

५. आवश्यक न्यूनतम शैक्षिक योग्यता : लुम्बिनी प्रदेश लोक सेवा आयोगले तोके बमोजिम ।

६. अनुभव : अनुभव चाहिने सेवा अवधि प्रमाणित हुने शुरु नियुक्ति पत्र वा करार पत्र वा म्याद थपका पत्रहरु वा अनुभव चाहिने सेवा अवधि भरको सम्बन्धित निकायमा गरेको हाजिरीको प्रमाणित प्रतिलिपी वा सम्बन्धित निकायले हाजिर सिफारिस गरि सोको अन्य पेश भएको प्रमाणले प्रमाणित हुने कागजात ।

७. दरखास्त दस्तुर बुझाउने बिधि र स्थान : राष्ट्रिय बाणिज्य बैंकको खाता नं.१०००१००२०००१०००० राजश्व शिर्षक नं.१४२२४ र कपिलवस्तु अस्पतालको कार्यालय कोड नं.३७००१४९०२५ मा दरखास्त दस्तुर जम्मा गरि सोको भौचर दरखास्त फारम साथ संलग्न गरि कपिलवस्तु अस्पताल प्रशासनमा बुझाउनु पर्नेछ ।

८. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु : उम्मेदवारको व्यक्तिगत विवरण ,नेपाली नागरिकता ,शैक्षिक योग्यता ,तालिम तथा कार्य अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपी ,सम्बन्धित पदको काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी एक/एक थान स्वंयमले प्रमाणित गरि दरखास्त फारमको ढाँचामा सम्पूर्ण विवरणहरु भरि हालसालै खिचिएको पासपोर्ट साइजको ३ थान फोटो तथा राजस्व तिरेको रसिद सहित पेश गर्नुपर्ने

९. छनौटको आधार र प्रक्रिया : संक्षिप्त सूची र अन्तर्वार्ता -संक्षिप्त सूचीमा परेका उमेदवारलाई मात्र अन्तर्वार्ताको लागि छनौट गरिन्छ ।

१०. तलब भत्ता : प्रचलित स्केल बमोजिम ।

११. अन्तर्वार्ताको सूचना : संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको नामावली प्रकाशन तथा अन्तर्वार्ताको सूचना सातौं आठौं र नवौं तहको हकमा मन्त्रालयको वेबसाईट mohp.lumbini.gov.np मा र पाँचौं तहको हकमा कार्यालयको वेबसाइट kapilvastuhospital.lumbini.gov.np सूचना पाटीमा प्रकाशित गरिनेछ ।

Dr. Kishor Bonjade
Office Chief

कार्यालय प्रमुख